नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः
चलानी नं.

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

# प्रेस विज्ञप्ति

आर्थिक वर्ष २०७८।७९ मा गर्नुपर्ने कामका लागि मिति २०७८ असार २८ गते सोमबारका दिन पहिलो पटक महालेखा नियन्त्रक र अन्तर्गतका ८१ (एकासी) कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखहरू, कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय प्रमुख र निवृत्तभरण व्यवस्थापन कार्यालय प्रमुखबीच कार्यसम्पादन करार सम्झौता सम्पन्न भएको छ । यसै सिलसिलामा महालेखा नियन्त्रक र महालेखा नियन्त्रक कार्यालयका ३ (तीन) जना सहमहालेखा नियन्त्रकहरूबीच समेत कार्यसम्पादन करार सम्झौता भएको छ ।

कार्यसम्पादन सम्झौता कार्यक्रममा महालेखा नियन्त्रक श्री मधु कुमार मरासिनीले सम्झौताबमोजिमका कार्यहरू तोकिएको समयभित्रै सम्पन्न गरी नतिजा हासिल गर्न सबैको प्रतिबद्धता रहनुपर्नेमा जोड दिनुभयो ।

सम्झौतामा कार्यसम्पादन गर्नुपर्ने समयसीमा र प्रतिफल सूचक निर्धारण गरिएकाले वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन तोकिएको समयसीमाभित्र सम्पन्न भई निर्दिष्ट लक्ष्य प्राप्तिमा प्रभावकारिता आउने विश्वास गरिएको छ ।

२०७८/३/२८
ज्ञानेन्द्र पौडेल
सहमहालेखा नियन्त्रक एवं प्रवक्ता


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np